देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## हाट बजार बैठकी कर सम्बन्धि बोलपत्र आह्वानको सूचना।

तेश्रो पटक प्रकाशित मिति- २०८१/०४/३०

यस देवदह नगरपालिका, केरवानी, रुपन्देही क्षेत्र भित्र लाग्ने शनिबारे हाटबजार, सदवनियाको न्यूनतम बोल रकम रु.५,००,०००/- (अक्षरुपी रु पाँच लाख मात्र) हुने गरि आर्थिक बर्ष २०८१/०८२ का लागि तपशिल बमोजिमको शर्त र अधिनमा रहि (हाट बजार बैठकी शुल्क) संकलन गर्न बढी बढाउमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ७ दिने बोलपत्र आह्ववान गरिएको छ।

१) बोलपत्र फारम रु ५००/– ( पछि फिर्ता नहुने गरि ) नगरपालिकाको कार्यालयबाट खरिद गर्नु पर्नेछ।

२) बोलपत्र फारम पेश गर्दा कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको एन आई सि एसिया बैंक लिमिटेड, खैरेनीमा रहेको ग-३ धरौटी खाता हि.नं. १५CA०५१२७६६५२४०१ मा जम्मा गरेको भौचर वा नगद संलग्न हुनु पर्नेछ।

३) बोलपत्र स्विकृत भएको मितिले ७ दिन भित्रमा सम्झौता गरि ईजाजतपत्र (पट्टा) उठाइसक्नु पर्नेछ।

४) सम्झौता गर्दा बोलपत्र स्विकृत भएको बोलपत्रदाताले देवदह नगरपालिकाको नाममा कवोल रकम बराबरको रकम एकमुष्ठ एन आई सि एशिया बैंक लिमिटेड खैरेनीमा रहेको ग-१-१ आन्तरिक राजस्व खाता हि.न. ०१५२०५००२९५७२००२ मा जम्मा गरेको भौचर सलग्न गर्नु पर्नेछ।

५) बोलपत्र फारममा कार्यालय प्रमुखको वा कार्यालय प्रमुखले तोकेको अधिकृत कर्मचारीको सहि तथा कार्यालयको छाप नभएको मान्यता हुने छैन।

६) बोलपत्र फारम मिति २०८१/०५/०४ गते कार्यालय समय सम्म खरिद गरिसक्नुपर्नेछ। बोलपत्र फारम मिति २०८१/०५/०५ गते दिनको १२:०० बजे सम्म दर्ता गराई सक्नुपर्नेछ। सोहि दिनको ०५:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा वा उपस्थित अन्य व्यक्तिहरुको रोहवरमा बोलपत्र खोलिने छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछि कार्यालय खुल्ने दिन सोही समयमा प्रकृया अघि बढ्नेछ।

७) रित नपुगी आएको बोलपत्रलाई मान्यता दिइने छैन।

८) हाटबजार बैठकी कर नगरपालिकाको आर्थिक ऐन, २०८१ अनुसार हुनेछ।

९) बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहनेछ।

१०) यस नगरपालिकालाई तिर्नु पर्ने बक्यौता रकम भएका बोलपत्र दाताहरुको बोलपत्र स्वीकृत हुने छैन।

११) बजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्बन्धी कार्य बोलपत्रदाता स्वयंले गर्नुपर्नेछ।

१२) कुनै प्रकारको बहानामा मिनाहा दाबि गर्न पाइने छैन।

१३) बोलपत्र फारमका साथ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य हुनेछ।

१४) स्वीकृत बोलपत्रदाताले तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजको नाममा रहेको धरौटी रकम जफत गरिनेछ।

१५) माथि उल्लेखित बाहेकका अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ।

१६) अन्य थप जानकारीका लागि देवदह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, केरवानी देवदहमा सम्पर्क राख्न सकिनेछ।

.............................
कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कृष्ण प्रसाद सापकोटा**
प्रमुख प्रशासकीय अधिकृत